


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १९ गते मंगलबार ❑ 5 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## भौतिक विकासले मात्र मानिस सन्तुष्टि हुदैनः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले भौतिक विकासले मात्र मानिस सन्तुष्टि नहुने बताउनु भएको छ। विश्व रेविज दिवसको सन्दर्भ तथा विश्व जनावर दिवसको अवसरमा सोमबार पोखरामा आयोजित एक कार्यक्रममा वोल्दै मन्त्री बरालले भौतिक विकास संगै मानव संसाधनको विकाससंग सगै आवश्यक भएको बताउनु भएको हो।

उहाँले भन्नु भयो" मानस संसाधनको क्षेत्रमा श्रोतको व्यबस्थापन गर्नुपर्छ, स्वभाविक रुपमा भौतिक विकास मात्र सवै विकास होइन, भौतिक विकास मानिसहरुको लागि हो, भौतिक विकासले मात्र सन्तुष्टी हुदैन, मानस संसाधनको क्षेत्रमा विस्तारै ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। "

छाडा पशु भन्नु नै व्यवहारिक माया र स्नेह नपाएको हुदा विछिप्त भएको भएर सडकमा आएको मन्त्री बरालको भनाई थियो। भैसी प्रयाः छाडा चौपाएको रुपमा नभेटिने उल्लेख गर्दै मन्त्री बरालले भैसी दुध सहित मासुको महत्व भएकोले भैसी छाडा चौपाएको रुपमा भेटिन कठिन हुने तर गाई र गोरु भने काट माग गर्न नभएकोले गर्दा सडक पेटिमा भेटिने गरेको बताउनु भयो।

मानवले आफ्नो हितको लागि जनावरलाई उचित ढंगले व्यबस्थापन गर्नुपर्ने मन्त्री बराललले जनाउनु भयो। सवै प्रणाली मानिसहरुको अनुकुलको लागि भएको उहाँको भनाई थियो।

मन्त्री बराललले भन्नु भयो "कुकुरका सोखिनले मायासंगै उनको आवश्यकताको बोध गराउनु पर्छ तर सचेत भएका मानिसले त्यस्तै समाजमा आफुलाई प्रतिष्ठित र विज्ञ भन्नेहरुले सडकमा कुकुरको दिशा गराउदै हिडाल्नु भने उचित हुदैन।" घरको पहरेदार र सूचनाको संवाहको रुपमा रहेको कुकुरको सुरक्षित ढंगले व्यबस्थापनमा सवैले ध्यान दिनुपर्ने मन्त्री बरालको भनाई थियो।

गण्डकी प्रदेशको राजधानि पोखरामा रेबिद्ध भाइरस उन्मुलन गर्ने अभियान अर्न्तगत जुन उपलब्धी हासिल गरेमा प्रशंसा गर्दै मन्त्री बराललले चुनौतीको सामना गर्दै अभियानमा खटिनेलाई धन्यवाद समेत दिनु भएको छ। कोभिडको समयमा पनि कुकुरको संरक्षणको लागि निरन्तर लाग्दै आएकी कुकुर संरक्षणकी अभियान्ता झर्ना नेपालीलाई समेत मन्त्री बराललले बिषेश धन्यवाद दिदै वन्यजन्तुहरुको संरक्षणको लागि मानव जातिले ध्यान दिनुपर्ने जनाउनु भयो।

उक्त अवसरमा कुकुर अभियान्ता नेपालीलाई कार्यक्रममा सम्मान गरिएको छ। उहाँलाई सम्मापन पत्रको साथमा कुकुरलाई खान पकाउनको लागि राइस कुकुर समेत प्रदान गरिएको छ। मन्त्री बराल सहितको टोलीले कुकुर संरक्षणकी अभियान्ता नेपालीलाई सम्मान गर्नु भएको हो।

गण्डकी प्रदेशकी भूमि व्यबस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयकी सचिव शवनम सिवाकोटीले प्रदेशको राजधानि पोखरामा हाल भएको रेविज बिरुद्धको खोप अभियान निकै प्रभावकारी भएको बताउनु भयो। मानव स्वास्थ्यसंग जोडिएका बिषयमा राज्य संगै निजी क्षेत्रको सहकार्य आवश्यक भएको उहाँको भनाई थियो। पोखरा महानगरपालिकाका सचेतक तथा पोखरा १९ का वडा अध्यक्ष शोभामोहन पौडेलले पूर्वाधार विकास निर्माणसंगै विकास भनेको मानव स्वास्थ्य रहनु पनि ठुलो उपलब्धि भएको बताउनु भयो। मानव स्वास्थ्यको बिषयमा सरकारको कम चासो हुने गरेको उहाँको भनाई थियो।

नेपाल भेटेरिनरी एशोसिएसनका महासचिव डा. अशेष भट्टराईले एशोसियसन र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखरामा रेबिज बिरुद्धको खोप करिब ६० प्रतिशत सडक भेटिमा भेटिने कुकुरहरुमा लगाइएको दाबी गर्नु भयो। उहाँका अनुसार तीन दिनको अभियानमा पोखराका ३३ वटै वडामा गरी १ हजार १ सय ९५ वटा कुकुरामा रेबिज बिरुद्धको खोप लगाइएको छ। खाद्य तथा कृषि संगठनका डा. सुरेन्द्र कार्कीले विश्वका अफ्रिकि र दक्षिण एसियाली मुलुकमा अझै पनि रेविज भाइरसको शंक्रमण रहेको दाबी गरे। सडक भेटिमा छाडा रुपमा रहेका कुकुरहरुमा रेबिज बिरुद्धको खोप अनिवार्य रुपमा लगाउनु पर्ने उहाँको भनाई थियो। एशोसियसनका अध्यक्ष डा. सितलकाजी श्रेष्ठकोअध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा महानगरपालिकाका पशु सेवा शाखा प्रमुख नवराज अधिकारी, कार्यक्रम संयोजक केदारराज पाण्डे लगायतले हरेक बर्ष साना ठुला कुकुरहरुमा रेबिज बिरुद्धको खोप लगाउनु पर्ने बताउनु भएको थियो। रेबिज एउटा भाइरस हो, यसलाई न्यूरोट्रोपीक भाइरस भनिन्छ जस्ले जनावरहरुको शरीरमा प्रवेश गरेपछि रेबिज गराँउदछ। सेप्टेम्वर २८ विश्वभरि 'रेबिज विरुद्धको दिवस' मनाइयो भने अक्टुवर ४ मा विश्व जनावर दीवस मनाइएको हो।

## असहाय तथा विपन्नको हित गर्नु पुण्य कार्य : प्रदेशप्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असोज**



गण्डकी प्रदेशप्रमुख पृथ्वीमान गुरुङले समाजका विपन्न तथा असहाय वर्गको हितमा लाग्नु नै सबैभन्दा महत्वपूर्ण पुण्य कार्य हुने बताउनुभएको छ। पोखरा महानगरपालिका-२० भलाम डाँडागाउँ टोल विकास संस्थाको पाँचौं साधारणसभा तथा युके समाजद्वारा उपलब्ध गराइएको राहत वितरण कार्यक्रममा उहाँले प्रत्येक व्यक्तिले आफ्नो आयआर्जको केही रकम समाजको उत्थानमा लगाउनुपर्ने बताउनुभयो।

वैदेशिक रोजगारमा रहेका नेपालीले समाजमा परेका प्रत्येक अप्ठेरा परिस्थितिमा सहयोग गरेर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै उहाँले त्यस्ता सहयोगको पूर्णरूपमा सदुपयोग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। प्रदेशप्रमुख गुरुङले भन्नुभयो, "नेपालीहरूले विदेशबाट सिकेको सीप र ज्ञानलाई मुलुकको विकासमा लगाउनु पर्दछ।" जनताको त्याग र तपस्याबाट प्राप्त संवैधानिक अधिकारका बारेमा जनतालाई सचेत गराउनुपर्नेमा जोड दिँदै प्रमुख गुरुङले प्राप्त अधिकारको रक्षासँगै उपयोग गर्दै आर्थिक समृद्धिमा जुट्नुको विकल्प नभएको बताउनुभयो।

कार्यक्रममा उहाँले समाजद्वारा प्रकाशित डाँडागाउँको परिचय दिने गरी प्रकाशित स्मारिकाको विमोचनसहित युके समाजद्वारा उपलब्ध गराइएको रु एक लाख ५० नौजना बाढीपहिरो पीडितलाई वितरण गर्नुभएको थियो। समाजले डाँडागाउँ समाजको विकासका लागि रु दुई लाख आठ हजारसमेत सहयोग गरेको युके समाजका प्रतिनिधि बुद्धिमान गुरुङले जानकारी दिनुभयो। कार्यक्रममा पोखरा-२० का वडाध्यक्ष सिम गुरुङले युके समाजले बाढीपीडितलाई दुःखको अवस्थामा गरेको सहयोगको सराहना गर्दै वडाको विकासमा सबैको साथ र सहयोग रहँदै आएको विचार व्यक्त गर्नुभयो।

टोल विकास संस्थाका अध्यक्ष क्याप्टेन चोकबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष क्याप्टेन दलबहादुर गुरुङ, राजनीतिक तथा समाजिक व्यक्तित्व दीपक गुरुङ, तोरणबहादुर गुरुङ, लुमबहादुर गुरुङलगायतले समाजको विकासका लागि वैदेशिक रोजगारमा रहेका युवाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको धारणा राख्नुभएको थियो।

## पार्टीमा रुपान्तरण आवश्यक : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १८ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा रुपान्तरण आवश्यक भएको बताउनुभएको छ।

दसैंका अवसरमा नेपाली कांग्रेस शुक्लागण्डकीले आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा वरिष्ठ नेता पौडेलले पार्टीमा पुस्तान्तरण नभई रुपान्तरणको खाँचो रहेको औंल्याउनुभयो। एकथरीले कांग्रेसमा पुस्तान्तरणको नारा दिइरहेको भन्दै उहाँले आजको अवस्थालाई बुझेर रुपान्तरणमा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

कांग्रेसका १४औँ महाधिवेशनले नयाँ सन्देश दिने पौडेलको भनाइ छ। कांग्रेसलाई भरोसायोग्य पार्टी बनाउनेतर्फ सबै लाग्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "नेताहरुको व्यवहार, आचरणले राजनीतिप्रति वितृष्णा छ, त्यसलाई अन्त्य गर्नुपर्छ।"

कांग्रेसले भ्रष्टाचारका विरुद्धमा खुलेर बोल्न सक्नुपर्ने बताउँदै उहाँले आज जनताले त्यस्तो कांग्रेसको खोजी गरिरहेको बताउनुभयो। "चौधौंमहाधिवेशनबाटत्यस्तोपार्टी बनाउने हो। ध्रुवीकरणमा नलागी कांग्रेस एक बनाउन लागौं।"

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले सङ्गठनलाई बलियो बनाउन नयाँ पुस्ता र नयाँ विचार आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

## वन ऐनसम्बन्धी समस्या निराकरण गरिनेछ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**दमौली, १८ असोज**

गण्डकी प्रदेशका वन वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले वन ऐनसम्बन्धी रहेका समस्यालाई निराकरण गरिने बताउनुभएको छ। आज डिभिजन वन कार्यालय तनहुँका कर्मचार ीसँगको छलफलमा जुट्दै मन्त्री थापाले फिल्डमा गएर प्रत्यक्ष जनसमुदायमा पुग्ने, अनुगमन गर्ने, अध्ययन गर्ने स्वयं कर्मचारी विज्ञ हुने भएकाले कर्मचारीको सुझाव लिएर राष्ट्रिय योजना आयोग र वन मन्त्रालय अघि बढ्ने बताउनुभयो।

नीति योजना तर्जुमा गर्ने राष्ट्रिय योजना आयोगको सुझाव सल्लाह लिएर अघि बढ्न सजिलो हुने भएकाले कर्मचारीसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम राखिएको उहाँले बताउनुभयो। सङ्घ, प्रदेशको क्षेत्राधिकार, अग्रपङ्क्ति र कार्यान्वयन पक्ष रोकिएकाले उक्त विषयलाई अघि बढाउन आवश्यक रहेको मन्त्री थापाले बताउनुभयो।

डिभिजन वन कार्यालयले पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले पर्यटन क्षेत्रमा गरेको विकासका कार्य देख्दा आफू त्यसबाट प्रभावित भएको उहाँले बताउनुभयो। डिभिजन वन कार्यालयबाट पर्यापर्यटनमार्फत पर्यटक आकर्षण गरी स्थानीयवासीलाई स्वरोजगार बनाउन पर्यटकीय क्षेत्रमा काम गर्दै आएको डिभिजन प्रमुख कोमलराज काफ्लेले बताउनुभयो। गत वर्षको तुलनामा यस वर्ष अति न्यून बजेट विनियोजन गरिएकाले वन सम्वर्द्धन, गरिबी न्यूनीकरण र पर्यटन प्रवर्द्धनलगायतका कार्यक्रम गर्न कठिनाइ भएको उहाँले सो अवसरमा बताउनुभयो। बजेट कमीका कारण गत वर्ष गरिएका कार्यहरूलाई निरन्तरता दिन नसक्ने देखिएकाले बजेटमा प्राथमिकता दिन अनुरोध गर्नुभयो।

सो अवसरमा डिभिजन वन कार्यालय र सबडिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीले गण्डकी प्रदेश सरकारबाट बजेट न्यून विनियोजन गरिएकाले काम गर्न कठिनाइ भएको गुनासो राखेका थिए।

कुनै सबडिभिजन भवन बाढीपहिराले जोखिममा परेको, खानेपानी नभएको, न्यून कर्मचारी, सवारी र इन्टरनेटको पहुँच नहुँदा कार्यसम्पादन कार्यमा कठिनाइ भोग्नुपरेको भन्दै मन्त्री थापासमक्ष आफ्ना गुनासाहरू राखेका थिए।

## कोरोना संक्रमण दर १८ प्रतिशत

**रासस**
**काठमाडौं, १८ असोज**

पछिल्लो २४ घण्टामा एक हजार ३० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १० हजार ८७४ जनामा आज कोरोना परीक्षण गरिएको थियो। देशभर सक्रिय सङ्क्रमित १६ हजार ६०६ छन्। नेपालमा सङ्क्रमण दर १८.८ प्रतिशत छ।

पाँचसय भन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ छन्। मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर भक्तपुर, कास्की र रुपन्देही ५०० भन्दा बढी सङ्क्रमित भएको जिल्ला हुन्।

सोमबार एक हजारले सङ्क्रमण जितेका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमण मुक्त हुने सात लाख ७० हजार २२४ पुगेका छन्। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.५ प्रतिशत छ। सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १० जनाको निधन भएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार १७४ जनाको निधन भइसकेको छ। हाल देशभर ३५१ जना सघन उपचार कक्ष, ११८ जना भेन्टिलेटर, १५ हजार ५३४ जना होम आइसोलेशन, एक हजार १५२ जना संस्थागत आइसोलेशन र २४१ जना क्वारेन्टिनमा छन्।

## मन्त्री बनाउने विषय प्रधानन्यायाधीशको हातमा हुँदैन : प्रन्या जबरा

**रासस**
**दमौली, १८ असोज**

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले मन्त्री बनाउने विषय कार्यपालिकाको भएको र त्यसमा प्रधानन्यायाधीको कुनै पनि हात नभएको बताउनुभएको छ।

सर्वोच्च बार एसोसिएनका अध्यक्ष पूर्णमान शाक्यसहित पदाधिकारीले आज प्रधानन्यायाधीशले मन्त्रायल बाँडफाँटका विषयमा भाग खोजेको भन्ने विषयमा आएको समाचारप्रति ध्यानाकर्षण गराउन गएको टोलीसँग प्रधानन्यायाधीश राणाले सो कुरा बताउनुभएको हो।

"मन्त्री कसलाई बनाउने भन्ने कुरा विशुद्ध कार्यकारी प्रमुख प्रधानमन्त्री शेरबहादुर देउवाको हो, त्यसमा प्रधानन्यायाधीशको कुनै हात हुँदैन, बाहिर आएको समाचारका विषयमा म गम्भीर छु, यसबारे छिटै अदालतबाट खण्डन हुन्छ", भेटमा प्रधानन्यायाधीशसँग भएको कुराकानी उद्धृत गर्दै सर्वोच्च बारका सदस्य विकास भट्टराइले जानकारी दिनुभयो।

यससम्बन्धी समाचार शनिबार सार्वजनिक भएको थियो। प्रधानन्यायाधीश राणाले यस विषयमा आएको समाचार सत्य नभएको पनि सो प्रतिनिधिमण्डलसँग बताउनुभएको थियो।



# प्रथम भूपू लिटिल स्टेप ३/३ बास्केट बल प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

भूपू लिटिल स्टेप विद्यार्थी द्वारा आयोजित प्रथम भूपू लिटिल स्टेप व्याइज ३/३ बास्केट बल टुर्नामेन्ट २०७८ को उपाधि 'बनौ युथ क्लब', पर्वतले जितेको छ।

१६ गतेबाट काजीपोखरी युथ क्लबको बास्केट बलकोर्टमा भएको उत्त प्रतियोगितामा २४ टिमले भाग लिएका थिए। १७ गते उक्त खेलको फाइनल खेलमा 'बनौ युथ क्लब'ले आफ्नो प्रतिस्पर्धी टोली रामघाट बी लाई १८ का विरुद्ध २१ पोइन्टले पराजित गर्दै जित हासिल गरेको थियो। सो खेलको प्रमुख आतिथ्यको रुपमा लिटिल



स्टेपका संस्थापक निर्देशकश्री शेरबहादुर गुरुङले गर्नुभएको थियो भने रुपाकोट कृषा रेस्टुरेन्टका निर्देशक विष्णु गुरुङ, कांग्रेसका युवा नेता तथा समाजसेवी मोहन थापा साथै वाइसियल नेपालका केन्द्रीय सदस्य ईश्वर बस्यालहरुले उत्कृष्ट टिम तथा खेलाडीहरुलाई पदक र नगद वितरण गर्नुभएको थियो उक्त खेलको उत्कृष्ट खेलाडी 'बनौ युथ क्लब' का गिमेन पुर्जापुन भएकाथिए।

# राष्ट्रिय फुटसल लिग : घरेलु टोली क्यासलको पहिलो हार

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

राष्ट्रिय ए डिभिजन फुटसल लिगमा घरेलु टोली क्यासलले पहिलो हार व्यहोरेको छ। लिग अन्तरगतको आफ्नो अन्तिम खेलमा क्यासल द राइजिङ क्लब धरानसंग ६-४ गोल अन्तरले हारेको हो।

हार व्यहोरेपनि क्यासल लिग तालिकाको शिर्षस्थानमा यथावत रहेको छ। क्यासलको ९ खेलबाट २२ अंक रहेको छ। क्यासलले ७ खेलमा जित, १ खेल बराबरी र १ खेलमा हार व्यहोरेको छ। उता राइजिङ भने जितसंगै तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। राइजिङको पनि कुल ९ खेलबाट १९ अंक रहेको छ। राइजिङले ६ खेलमा जित, २ खेलमा हार र १ खेल बराबरी खेलेको थियो। सोमबार भएको पहिलो खेलमा राइजिङका सुदिप गुरुङले चौथो मिनेटमा गोल गर्दै अग्रता दिलाए। पाँचौ मिनेटमा रिवोस मास्केले अग्रता दोब्बर पारे। ८ औं मिनेटमा क्यासलका सुमित श्रेष्ठले अग्रता घटाउने काम गरे। ११ औं मिनेटमा विसन श्रेष्ठले राइजिङका लागि तेस्रो गोल गरे। १९ औं मिनेटमा क्यासलका सुरेश बुढामगरले गोल गर्दै अग्रता घटाउने प्रयास गरेपनि सोहि मिनेटमा राइजिङले १ गोल फर्काउँदै अग्रता कायम राखे। पहिलो हाफमा ४-२ को अग्रता लिएको राइजिङले दोस्रो हाफमा पनि थप २ गोल गर्न



सफल रह्यो। खेलको २८ औं मिनेटमा क्यासलका किशोर गुरुङले गोल गर्दै अग्रता घटाउने प्रयास गरे। ३१ औं मिनेटमा विकु तामाङले गोल गर्दै राइजिङको जित लगभग निश्चित गरे। राइजिङका मिलनले ३८ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै टिमको जित निश्चित गरे। क्यासलका दिपेश घलेले ४० औं मिनेटमा क्यासलका लागि चौथो गोल गरे।

खेलको म्यान अफ दि म्याच राइजिङका कप्तान दोर्जे तामाङ घोषित भए। हारसंगै क्यासलका मुख्य प्रशिक्षक विष्णु गुरुङले हार व्यहोर्दा दुख लागेको प्रतिक्रिया दिए। उनले मुख्य खेलाडीलाई जोगाउँदा हार व्यहोरेको बताए। राइजिङका मुख्य प्रशिक्षक युवेन्द्र गुरुङले जितले प्लेअफमा आफ्नो स्थान सत् प्रतिशत बनाएको प्रतिक्रिया दिए। 'आज खेलाडीले खासै मिहेनत गर्न परेन। क्यासललाई जितपनि हारेपनि असर पर्ने थिएन जुन हाम्रो लागि एडभान्टेज थियो' उनले भने। यस्तै अर्को खेलमा मछिन्द्र स्काइ गोल्सले लुम्बिनीलाई ५-४ ले हरायो। १३ औं मिनेटमा मनोज राईले मछिन्द्रका लागि सुरुवाति गोल गरे।

त्यसको १ मिनेटमै अर्थात १४ औं मिनेटमा सविन केसीले अग्रता दोब्बर पारे। मछिन्द्रले १९ औं मिनेटमा उपहार स्वरुप एक गोल पायो। लुम्बिनीका समिर मगरले आत्मघाति गोल गरे। खेलको २० औं मिनेटमा लुम्बिनीका देवशेष शर्माले गोल गरे। २३ औं मिनेटमा रुपेश बराइलीले गोल गर्दै अग्रता घटाए। तर, त्यो धेरैबेर टिक्न सकेन। २७ औं मिनेटमा सुभेत लामाले गोल गर्दै मछिन्द्रको अग्रता यथावत राखे। दिपेश सेन ठकुरीले ३० औं मिनेटमा गोल गरे। यस्तै लुम्बिनीका सुजन थापाले खेलको ३२ र ३९ औं मिनेटमा गोल गर्दै जितका लागि आशा जगाएपनि जित हातपार्न भने सकेन्। लिगमा ८ खेल खेलेको शंखमुल १८ अंकका साथ तालिकाको तेस्रो स्थानमा रहेको छ। फुटसल ५ धरानको पनि ८ खेलबाट १४ अंक रहेको छ। घरेलु टोली सविन मेमोरियलको पनि ८ खेलबाट १३ अंक रहँदै गोलअन्तरको आधामा पाँचौ स्थानमा रहेको छ। ढुकु फुटसल हबको भने १० अंक रहेको छ। खेलको म्यान अफ दि म्याच मछिन्द्रका सुभेत लामा घोषित भए। जितसंगै मछिन्द्रको कुल ९ खेलबाट १३ अंक रह्यो। ४ खेलमा जित ४ खेलमा हार र १ खेल बराबरी खेल्दै लिग तालिकाको छैटौं स्थानमा रहदै लिगबाट विदाइ भएको छ। लुम्बिनी भने यस अघिनै रेलिगेसनमा परिसकेको टिम हो।

१० टिमको सहभागिता रहेको लिगमा ८ टिम ए डिभिजनमा रहेका छन् भने लुम्बिनी सहित झरना स्पोर्ट्स क्लब रेलिगसनमा परेको हो। मंगलबार लिगको अन्तिम बाकि रहेका खेलहरु हुनेछन्। यस्तै प्रतियोगितामा पुर्व फिफा रेफ्रि एवम् रेफ्रिसंघका महासचिव लव खत्रीको निधनप्रति शोक समेत मनाएको छ। लिग संयोजक एवम् एन्फा फुटसल विभाग प्रमुख विनोद गुरुङले खत्रीको निधन प्रति दुखद् व्यक्त गर्दै आत्मा चिरशान्तिको कामना गरे। खेलमा स्व. खत्रीको आत्माको शान्तिको कामना गर्दै १ मिनेट मौन धारण समेत गरिएको थियो।

# तनहूँको च्यवनधामलाई धार्मिक पर्यटनको गन्तव्य बनाईने

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

गण्डकी प्रदेशका वन, वातावरण तथा भू संरक्षण मन्त्री दीपक थापाले तनहूँको च्यवनधामलाई धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने आश्वासन दिनुभएको छ।

तनहूँको शुक्ला गण्डकी नगरपालिका-२ मा रहेको शुक्लागण्डकी च्यवनधामको अवलोकन गरेपछि उहाँ यस्तो आश्वासन दिनुभएको हो। 'नेपालमा सम्भावना रहेका पर्यटनका विभिन्न आयामहरु मध्ये धार्मिक पर्यटन पनि एक प्रमुख आयाम हो।' उहाँले भन्नुभयो, 'धार्मिक पर्यटनको विकासका लागि हाम्रो क्षेत्रमा रहेका धार्मिक स्थलहरुको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्नु आवश्यक छ।'

सो अवसरमा उहाँले यस्तो कामको लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभयो। 'स्पष्ट खाका सहितको योजना लिएर आउनुहोस्,



यस क्षेत्रमा धार्मिक पर्यटनको विकासको लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्नेछ।' उहाँले भन्नुभयो। अवलोकनकै क्रममा मन्त्री थापा समक्ष च्यवनधाम संरक्षण तथा विकास समितिका पदाधिकारीहरूले आवश्यक सहयोग गर्न आग्रह गरेका थिए। समितिका सचिव दुर्गादत्त सापकोटाले धामका भौतिक संरचना र जग्गा संरक्षणका लागि कम्पाउण्ड गर्नुपर्ने आवश्यकता रहेपनि बजेट अभावमा गर्न नसकिएको गुनासो राख्नुभएको थियो। मन्त्री थापा संगै प्रदेश सभा सदस्य आशा कोईराला, प्रदेश योजना आयोगका सदस्य सुवास अधिकारी, जिल्ला वन कार्यालयका प्रमुख कोमलराज काफ्ले लगायतको टोलीले मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम स्थित शुक्लेश्वर मन्दिर, बौद्ध गुम्बा, कृतिम हिमाल, १०८ पिपल, १०८ धारा लगायतका संरचनाको अवलोकन गर्नुभएको थियो। त्यसैगरी मन्त्री थापाले म्याग्दे गाउँपालिका-२ स्थित ज्यान्टयाङ सामुदायिक बनमा निर्माण गरिएको हरित पार्क र म्याग्दे-१ गुणादीको बाघेटारीमा निर्माण गरिएको बाघको मूर्तिको समेत अवलोकन गर्नुभएको डिभिजन बन कार्यालयका डिभिजन प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो।

# बुद्ध बिशाल बजारले ल्यायो ३० प्रतिशतसम्म छुटको योजना

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

नेपालीहरूको महानपर्व विजयादशमी तथा दिपावलीको अवसरमा पोखराको बुद्ध बिशाल बजारमा ग्राहकलाई बिषेश छुट दिइनेभएको छ।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीका अनुसार ग्राहक बर्गलाई उपहार भन्दा नि गुणस्तरीय सामानबेच्ने उध्यश्यका साथ सबै ग्राहकलाई हरेक सामान खरिदमा ३० प्रतिशत सम्म छुटको ब्यवस्था गरीएको बताए।

ख त्री का अनुसारनेपालीहरूको महानपर्व विजयादशमी तथा दिपावलीको उपल्यक्षमा ग्राहकहरूको सुविधाको लागि बुद्ध विशाल बजार शनिवार पनि खुलागरिएको बताए। 'उपहार पहिले पहिले नगद ३० प्रतिशत सम्म छुट अहिले' भन्ने नाराका साथ बुद्ध विशाल बजारका हरेक पसलहरूमा यो छुटको ब्यवस्थामिलाइनुको साथै बुद्ध बिशाल बजार भित्र सामान खरिद गर्ने ग्राहकहरुलाई निःशुल्क पार्किङको व्यवस्था गरिएको बुद्ध बिशाल बजारब्यापारिक एशोसियसनका उपाध्यक्ष ईन्द्रराज अर्यालले बताए।

विश्वभरी नै महामारीको रुपमा देखिएको कोरनाभाइरसको प्रकोपबाट सतर्क रहन आफ्ना सदस्यलाई उच्च सर्तकता अपनाउन आग्रह गर्देकोरोनाभाइरसको प्रकोपप्रति सचेत हुँदै बुद्ध बिशाल बजार व्यापारिक एशोसियसनले विशाल बजारमा प्रवेश गर्ने हरेक ग्राहकलाईअनिवार्य माक्स लगाएर मात्र प्रवेश गर्न दिएको र सम्पूर्ण व्यवसायीहरुले कोरनाभाइरसको प्रकोपबाट सतर्क रहदै सामाजिक दुरीकोसाथ पसल संचालन गरिएकोले ग्राहकहरूलाई ढुक्क भएर सपिङ गर्न बुद्ध बिशाल बजार ब्यापारिक एशोसियसनका महासचिव बुद्धीकुवंरले आग्रह गरेका छन्।

# भ्रामक समाचार नलेख्न सर्वोच्चको आग्रह

रासस
काठमाडौं, १८ असोज

सर्वोच्च अदालतले न्यायपालिकासँग सम्बन्धित समाचार प्रकाशन गर्दा सत्यतथ्य बुझेर आधिकारिता पुष्टि भएपछि मात्र प्रकाशन गर्न आग्रह गरेको छ।

मन्त्रिपरिषद्को विस्तारमा प्रधानन्यायाधीश सङ्लग्नता भन्ने विषयमा समाचार प्रकाशन भएकोप्रति ध्यानाकर्षण जनाउँदै अदालतले उक्त आग्रह गरेको हो। सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालद्वारा आज जारी प्रेस विज्ञप्तिमा प्रधानमन्त्रीको सिफारिसमा हुने मन्त्रिपरिषद्को गठन एवं विस्तारको विषय प्रधानन्यायाधीशलाई असान्दर्भिक रूपमा जोडेर अतिरञ्जित एवं भ्रामक समाचार प्रकाशन गरेकोप्रति दुःख व्यक्त गरिएको छ।

"प्रधानन्यायाधीशले नेपालको संविधान बमोजिम न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र सक्षम बनाउने विषयमा आफ्नो स्पष्ट प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ", विज्ञप्तिमा उल्लेख छ, "सर्वोच्च अदालतको अमुक फैसलाका सन्दर्भ जोडी यसप्रकारका समाचार आउनु अदालतप्रति जनआस्था एवं नेतृत्वप्रति प्रतिकूल प्रभाव पार्ने दूषित मनसायबाहेक अरु केही हुन सक्दैन।"

नेपालको संविधान बमोजिम स्वतन्त्र, स्वायत्त एवं संवेदनशीलताका साथ क्रियाशील रहनुपर्ने संस्था र त्यसको नेतृत्वप्रति कुत्सित मनसाय राखी लान्छित गर्नु दुःखद् अवस्था भएको विज्ञप्तिमा उल्लेख छ। मन्त्रालयको बाँडफाँटको विषयमा प्रधानन्यायाधीशले भाग खोजेको भन्ने समाचार शनिबार विभिन्न सञ्चार माध्यममार्फत् सार्वजनिक भएको थियो।

# स्वास्थ्य राज्यमन्त्री श्रेष्ठद्वारा तीन अस्पतालको निरीक्षण

रासस
भक्तपुर, १८ असोज

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्रको निरीक्षण एवं अवलोकन गर्नुभएको छ।

सोमबार मन्त्री श्रेष्ठले भक्तपुरका तीन सरकारी अस्पतालले प्रवाह गरेको सेवाका बारेमा जानकारी लिँदै उहाँले अस्पतालहरूलाई जनताका लागि सहज र गुणस्तरीय सेवा प्रवाह गर्न निर्देशन दिनुभयो। उहाँले भक्तपुर अस्पताल एउटा इतिहास बोकेको ११८ वर्ष पुरानो अस्पताल भएको भन्दै २०० शय्या सञ्चालनको लक्ष्य लिएकाले अस्पतालले जनतालाई निजी अस्पतालमा जानु नपर्ने गरी सेवा प्रवाह गर्न निर्देशन दिनुभयो।

भक्तपुर अस्पताल यहाँको शहरको मुख्य अस्पताल भएकाले गुणस्तरीय सेवाबाट माथि जानुपर्नेमा जोड दिँदै अस्पतालको स्तरोन्नति गर्नुपर्ने र अस्तव्यस्त देखिन नहुने औँल्याउनुभयो। सरकारी अस्पतालको अवस्था, सेवा प्रवाह कस्तो रहेको छ, के कस्ता समस्याहरू छन् भन्ने जानकारी लिन साताव्यापी अस्पताल निरीक्षणको अभियान सुरु गरेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले अस्पतालको अवस्था जानकारी लिएपछि मात्रै योजना बनाउन र कार्यान्वयनमा सहज हुने बताउनुभयो। गाउँगाउँको अस्पतालमा जाने आफ्नो योजना रहेको भन्दै उहाँले भन्नुभयो, "स्वास्थ्यको क्षेत्रमा केही गरौँ भनेर सरकारी अस्पतालको अवस्था हेर्ने अभियान सुरु गरेको छु, हिजो मानसिक अस्पतालमा पुग्दा छक्क परेँ, त्यहाँ १७ वर्ष भएछ, कोही मन्त्री नगएको, अनि कसरी थाहा हुन्छ अस्पतालको अवस्था।"

अस्पताललाई दिनुपर्ने बीमाको पैसा अब सरकारले नरोक्ने बताउँदै राज्यमन्त्री श्रेष्ठले भन्नुभयो, "बीमाका कारण गरिब जनताले निःशुल्क उपचार पाएका छन्, प्राविधिक कारणले बीमाको रकम भुक्तानीमा केही ढिला हुन गएको हो, अब बीमाको पैसा रोकिँदैन, दसैँअगाडि नै सबै सरकारी अस्पतालमा बीमा बापतको बाँकी रकम हामी पठाउँछौँ।" कार्यक्रममा भक्तपुर अस्पतालका मेसु डा सुमित्रा गौतमले अस्पतालले दिँदै आएको सेवाका बारेमा जानकारी गराउनु भएको थियो। उहाँले आफू अस्पतालमा आएदेखि नै अस्पतालको सेवा विस्तारमा लागेको बताउँदै कोभिड-१९ को सुरुआतदेखि अहिलेसम्म गरेका कामको प्रगति बताउनुभएको थियो।

रा ज्य म न्त्री श्रेष्ठले भक्तपुर क्यान्सर अस्पतालको निरीक्षण गर्नुभयो। उहाँले अस्पतालले राष्ट्रियरूपमा कोभिडको बेलामा पनि ठूलो योगदान पुऱ्याएको चर्चा गर्दै पब्लिक अस्पताललाई गुणस्तरीय स्वास्थ्य सेवा दिने संस्थाका रूपमा विकास गर्ने बताउनुभयो।

अस्पतालको समस्या र यहाँको अवस्थाका बारेमा उहाँले जानकारी लिनुभएको थियो। मन्त्री श्रेष्ठलाई अस्पतालका निर्देशक डा विष्णु पौडेलले अस्पतालको समग्र अवस्था र सेवा प्रवाहका बारेमा जानकारी गराउनुभएको थियो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५२९५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# च्याङ्ग्रा लिन व्यापारी मुस्ताङतर्फ

–रामबहादुर थापा

बागलुङ, १८ असोज

दशैं आयोकी च्याङ्ग्राको कुरा जोडिइहाल्छ । मिठोमसिनो खाएर मनाइने चाड हो, दशैं । एक/दुई छाक भए पनि दशैंमा च्याङ्ग्राको मासु चाख्ने धोको जोकोहीले राख्छन् । मनले इच्छाएझैं च्याङ्ग्राको मासु खान सजिलो भने छैन ।

दशैंका लागि च्याङ्ग्रा लिन वर्षेनि यहाँका व्यापारी दुःखजिलो गरेर हिमालपारिको जिल्ला मुस्ताङ पुग्छन् । हप्तौं समय र उस्तै खर्च लगाएर च्याङ्ग्रा ल्याउँछन् । व्यापारी अम्मरबहादुर क्षत्री, महेन्द्र केसीलगायत सोमबार जोमसोम पुग्नुभएको छ । कोही बाटोमा जाँदैछन् । भाउ महँगिएका कारण धेरै च्याङ्ग्रा ल्याउने सोचमा व्यापारी छैनन् । "यस वर्ष सय/डेढ सय च्याङ्ग्रा मात्र बागलुङमा भित्रने देखिन्छ", केसीले भन्नुभयो, "जोमसोममै च्याङ्ग्राको मूल्य रु दश हजारसम्म बढेको छ ।"

मुस्ताङमा रोज्जा च्याङ्ग्राको मूल्य रु ४० हजारसम्म पुगेकाले यहाँ ल्याएर बेच्दा त्यसको भाउ रु ४५ हजारमाथि पुग्छ । मूल्यमा कुरा मिले



बढी किन्ने नत्र पसलबाट बेच्नका लागि थोरै मात्र च्याङ्ग्रा ल्याएर फर्कने केसीले बताउनुभयो । दशैंमा च्याङ्ग्राको मासुको अत्यधिक माग हुन्छ ।

केही वर्षअघिसम्म दुई हजारसम्म च्याङ्ग्रा यहाँ ल्याइने गरेकामा अहिले त्यो संख्या एकदमै कममा झरेको छ । कोराला नाका नखुल्दा तिब्बतका व्यापारीले सहजरुपमा च्याङ्ग्रा मुस्ताङ ल्याउन पाउँदैनन् । स्थानीय च्याङ्ग्रा मात्र बजारमा आउने गर्छ । मुस्ताङमा पालिने च्याङ्ग्राले मात्र बजार माग धान्दैन । च्याङ्ग्रै कम आएका कारण मूल्य बढेको व्यापारी बताउँछन् ।

गत वर्ष यहाँका व्यापारीले रोज्जा च्याङ्ग्रालाई रु २७ हजार ५०० तिरेर ल्याएका थिए । अहिले त्यो बढेर रु ४० हजारसम्म पुगेको छ । मूल्य चर्को परेपछि कतिपय व्यापारी यसपालि च्याङ्ग्रा किन्नै गएनन् । यहाँका २० भन्दा बढी व्यापारीले दशैंमा च्याङ्ग्राको कारोबार गर्छन् । लामो बाटामा कठिन यात्रा तय गरेर उनीहरुले च्याङ्ग्रा भित्राउँछन् ।

अर्का व्यापारी क्षत्रीले गत वर्ष जोमसोमदेखि दुई दिनको बाटामा पर्ने चमर भन्ने ठाउँ पुगेर च्याङ्ग्रा ल्याउनुभएको थियो । कोभिड-१९ का कारण च्याङ्ग्राको व्यापार पनि खस्किएको क्षत्रीको भनाइ छ । "मूल्य बढेको थाहा पाएपछि धेरै व्यापारी च्याङ्ग्रा लिनै गएनन्", उहाँले भन्नुभयो । च्याङ्ग्रा कम आउनु र बढ्दो करजस्ता कारणले पनि मूल्य महगिँदै गएको हो । व्यापारीको आउजाउमा पनि बढी खर्च हुन्छ । स्थानीय तहसहित ठाउँठाउँमा दस्तुर र कर तिर्नुपर्दा थप मर्का पर्ने गरेको व्यापारीको गुनासो छ । पछिल्ला चार वर्षमा रु २० हजारभन्दा बढीले च्याङ्ग्राको भाउ बढेको छ । छ वर्षदेखि च्याङ्ग्राको कारोबार गर्दै आउनुभएका केसीले महँगो परे पनि दशैंका बेला च्याङ्ग्राको मासु उपभोक्ताको रोजाइमा पर्ने गरेको अनुभव सुनाउनुभयो । उहाँको सदरमुकामका मासु पसलसमेत छ । गत वर्ष च्याङ्ग्राको मासु प्रतिकिलो रु १४ सय पुगेको थियो । यस वर्ष मूल्य झन् बढ्ने भएको छ । च्याङ्ग्राको व्यापारबाट पहिलेपहिले जस्तो कमाइ हुन छाडेको व्यापारी बताउँछन् । व्यापारीले एउटा च्याङ्ग्रामा रु एक/दुई हजारसम्म फाइदा राखेर बेच्ने गरेका छन् । हिमाली हावापानीमा जडीबुटी खाएर हुर्केको हुनाले च्याङ्ग्रा स्वादिष्ट र स्वस्थकर मानिन्छ ।

# दोहनमा दूरबिनडाँडा

पोखरापत्र संवाददाता

म्याग्दी, १८ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ दूरबिनडाँडाको पहाडबाट जथाभावी ढुङ्गा र गिट्टी दोहन भएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन बिनै स्थानीय तहलाई राजस्व नतिरी स्काभेटर प्रयोग गरेर मनपरि ढुङ्गा उत्खनन् भएको हो ।

पोखरेबगर-घार-खिवाङ-शिख-चित्रे सडक आयोजनाको ठेकेदार कम्पनी मोतिदान-जयमाता जेभीले पहाडबाट आफूखुसी मनपरि शैलीमा ढुङ्गा उत्खनन गरेको स्थानीयवासी सन्तोष बरुवालले बताउनुभयो । पहाडमा जथाभावी डोजर चलाएर ढुङ्गा निकाल्दा वातावरणीय असरका साथै स्थानीय तहको आम्दानीमा असर परेको उहाँले बताउनुभयो । "सडक निर्माणका लागि ढुङ्गा र गिट्टी निकाल्ने बाहनामा सहमतिविपरीत पहाड खनेर रित्तायो", बरुवालले भन्नुभयो । विसं २०७६ भदौमा वडाध्यक्ष कृष्णप्रसाद बरुवालको अध्यक्षतामा बसेको सरोकारवालाको बैठकले दूरबिनडाँडामा सडकले ओगट्ने ८ मिटर र चार मिटर भित्रबाट ढुङ्गा निकाल्न दिने सहमति भएको थियो तर ठेकेदारले सहमतिविपरीत जङ्गल मासिने, पहिरो चल्ने गरी धेरैभित्रसम्म गएर पहाडबाट ढुङ्गा निकालेको वडा अध्यक्ष बरुवालले बताउनुभयो ।

"उत्खनन रोक्नका लागि टोल सुधार समितिले वडा र गाउँपालिका कार्यालयमा निवेदन दिएका थिए", उहाँले भन्नुभयो, "ठेकेदार र स्थानीयवासीसँग थप छलफल गरेर निर्णय नहुँदासम्मका लागि बिहीबारदेखि पहाड उत्खनन् गर्न रोक लगाएका छौं ।" ठेकेदार कम्पनीका प्रतिनिधि रामप्रसाद बञ्जाडेले डिजाइन, इस्टिमेटअनुसार स्थानीयसँग सहमति गरेर ढुङ्गा निकालेको बताउनुभयो । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले भूकम्प प्रभावितअन्तर्गत पोखरेबगरबाट घार, खिवाङ, शिख हुँदै चित्रे जोड्ने १८.५ किलोमिटर सडक कालोपत्रे गर्न २०७५ मङ्सिर ९ गते रु २७ करोड ९१ लाख ३५ हजार २२० मा ठेक्का सम्झौता गरेको थियो । विसं २०७७ जेठ २२ गते ठेक्का सम्झौताको म्याद सकिएको छ । आयोजनाको हालसम्म ५५ प्रतिशत मात्र भौतिक प्रगति गरेको छ । कोरोनाको जोखिम, लकडाउन र पहिरोको बाहनामा ढिलासुस्ती गरेका ठेकेदारले पर्याप्त मजदुर र उपकरण परिचालन गर्न नसक्दा सडक अलपत्र भएको स्थानीयको भनाइ छ । हाल कच्ची, साँघुरो र ग्रेड नमिलेको अवस्थामा रहेको सडकलाई फराकिलो बनाएर ग्राभेल, ढलान, ग्याबियन पर्खाल, मेसिनरी पर्खाल, ह्युम पाइप, कल्भर्ट, सोलिङ र ३.७५ किलोमिटर कालोपत्रेसमेत गर्ने उद्देश्यले आयोजना सञ्चालन भएको हो ।

# चाडपर्वका बेला बजार अनुगमन गर्न माग

रासस

बेनी, १८ असोज

बेनी नगरपालिका-२ बगरफाँटकी ६८ वर्षीया यामकुमारी शर्माले १३ मार्च २०२१ सम्म उपभोग्य मिति रहेको वाइवाइ चाउचाउ बजारबाट ल्याएर आफ्नो नातिलाई दिनुभयो ।

अङ्ग्रेजीमा सामानको विवरणसहितको मिति राखेर बिक्री गरिएको त्यो चाउचाउको उपभोग्य म्याद कहिलेसम्म छ भनेर शर्माले हेर्न जान्ने कुरै थिएन तर नातिले आधा चाउचाउ खाइसकेपछि बाहिरको प्याकेटमा हेर्दा त्यसको उपभोग्य म्याद सकिएको छ महिना भइसकेको थियो ।

त्यस्तै ज्यामरुककोटका विनायक सापकोटाले स्थानीय बजारबाट दुई किलो मुस्ताङी भनिएका आलु, प्रतिकिलो रु १०० का दरले किनेर घरमा लैजानुभयो । तरकारी बनाउन काट्नलाग्दा आधाभन्दा बढी आलु कुहिएका थिए । बाहिर ठिकै देखिए पनि भित्र कीरा र रोग लागेर निलो भएका पाइए । यी त केही प्रतिनिधिमूलक उदाहरण मात्रै हुन् । म्याग्दीको सदरमुकाम बेनीलगायत अन्य ग्रामीण बजारमा अनुगमन गर्ने निकायको उदासिनताका कारण व्यापारीले सामानको मूल्य र गुणस्तरमा मनपरी गर्दै आएका छन् ।

सदरमुकाम बेनीबजारका साथै पश्चिम म्याग्दीको दरवाङ, सिङ्गाता तोपानी, बाबियाचौर, उत्तरी म्याग्दीको गलेश्वर, तातोपानीलगायत अन्य ग्रामीण क्षेत्रका पसलमा एउटै सामानको मूल्य पनि फरक-फरक हुने गरेको स्थानीय बासिन्दाको भनाइ छ । "सदरमुकाम र ग्रामीण क्षेत्रका अधिकांश पसलले म्याद नाघेका खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री फरक-फरक मूल्यमा बेचिरहेका छन्, बजारमा व्यापारीको मनपरी छ, नियमनकारी निकाय नदेखेजस्तो गरिरहन्छ" मालिका गाउँपालिका-७ बिमका टेकबहादुर जुग्जाली भन्नुहुन्छ, "यो त अचाक्ली नै भयो, पैसा तिरेर किनेको सामान खान लायककै हुँदैन ।" अहिले बजारमा खाने तेल, मैदा, चिनी, दाल, चामललगायत दैनिक उपभोग्य वस्तुको मूल्य आकासिएको छ । उपभोग्य बस्तुको मूल्य वृद्धि भए पनि आम उपभोक्ताले अझ बढी मूल्य तिरेर खरिद गर्न बाध्य भएको गुनासो आएको म्याग्दी उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष सुविन श्रेष्ठ बताउनुहुन्छ । "तेलमा मूल्य बढेको देखिन्छ, अन्य उपभोग्य बस्तुमा धेरै गुनासो आएको छैन" उहाँ भन्नुहुन्छ, "तेलको मूल्य स्थानीय व्यापारीले भन्दा पनि कम्पनीबाटै बढेको अवस्थामा जिल्ला प्रशासन कार्यालयमा समेत जानकारी गराइएको थियो ।" यता जिल्ला प्रशासनबाट हुने बजार अनुगमन औपचारिकतामा मात्रै सीमित हुने गरेको पाइन्छ ।

सहायक प्रजिअको नेतृत्वमा हुने अनुगमनबाट समेत महँगी नियन्त्रण हुन सकेको छैन । केही दिन अगाडि बजार अनुगमन गरिएकामा औपचारिकतामा मात्रै सीमित रहेको गुनासो गर्दै उपभोक्ताले बजार क्षेत्रमा दैनिक उपभोग्य बस्तुको मूल्य कसरी बढिरहेछ भन्ने विषयमा सम्बन्धित निकायले चासो देखाउनुपर्ने माग गर्दैआएका छन् ।

सदरमुकाम बेनीमै पनि चिनीको मूल्यमा एकरुपता छैन । चाडपर्व नजिकिएसँगै बेनीबजार तथा आसपासका क्षेत्रमा केही व्यापारीले चिनी प्रतिकेजी रु ९० देखि १०५ सम्म लिने गरेको पाइएको छ । प्रजिअ गणेशबहादुर अधिकारीले मनपरी मूल्य लिनेलाई कारवाहीको दायरामा ल्याइने बताउनुभएको छ । "तोकिएको बजार मूल्यभन्दा एक रुपैयाँ पनि बढी लिन पाइँदैन, हामी छड्के अनुगमनमा निस्कन्छौ" उहाँ भन्नुहुन्छ । बेनीबजारमा चाडपर्वको समयमा मनपरी मूल्य लिन थालेपछि गुनासो आएको पसलमा ग्राहक नै बनेर जाने तयारी समेत भइरहेको स्रोतले जनाएको छ ।

कालोबजारी रोक्न व्यवसायीलाई प्रशासनले अनुरोध गरेको छ । यता ग्रामीण क्षेत्रमा समेत दैनिक उपभोग्य बस्तुको मूल्य आकासिएको छ । ढुवानी खर्च बढनाका साथै बजारमै मूल्य आकासिएको जस्ता कारण देखाउँदै ग्रामीण क्षेत्रमा खाद्यान्नसहित उपभोग्य बस्तुमा जथाभावी मूल्य लिने गरेको उपभोक्ताले गुनासो गरेका छन् ।

# अवरुद्ध सडक खुलेपछि मनाङको जनजीवन सहज बन्दै

पोखरापत्र संवाददाता

मनाङ, १८ असोज

यस वर्षको वर्षायामको सुरुदेखि अवरुद्ध सडक तीन महिनापछि सञ्चालन भएपछि मनाङको जनजीवन सहज बन्दैछ । विगत तीन महिनादेखि अवरुद्ध बेसीशहर-चामे सडकखण्डको धारापानी माथिसम्म सडक पुगेपछि औपचारिकरुपमा सञ्चालनमा आएको छ ।

लामो समयदेखि सडक सञ्जालबाट टाढा रहेका मनाङवासीलाई सडक सञ्चालनमा आएपछि सहज भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । धारापानीबाट माथिल्लो पाँच किलोमिटर बाँकी सडक निर्माण भएपछि सडक पुनःसञ्चालनमा आएको हो ।

"दसैं अगाडि सदरमुकाम चामेसम्म सडक पुनःसञ्चालमा ल्याउने लक्ष्य पूरा भएको छ, अब तलेखु-भ्राताङ भिरमा सडक बनेपछि खाङ्सार हुनेछ", प्रजिअ लामिछानेले भन्नुभयो । भ्राताङ-पिसाङबीचमा सडकखण्ड खुलेपछि मनाङवासी र पर्यटकलाई सहज हुने उहाँले बताउनुभयो । अवरुद्ध रहेको एक्लोभट्टी र तलेखुँको सडकखण्ड छिटै खुलाउने गरी काम भइरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त सडकखण्ड सञ्चालन भएपछि मनाङ जिल्लाको सडकखण्ड लगभग पूर्णरुपमा खुल्नेछ । मनाङसडकखण्डअन्तर्गत कार्यक्रमसहित आयोजना गर्दै खुला भएको सन्देश दिन मनाङवासीले पर्यटकलाई निम्तो दिने गरेका छन् । असार १ मा परेको अविरल वर्षापछि आएको बाढीपहिराका कारण भ्राताङ भिरमा सडक अवरुद्ध भएको थियो, डिस्याङ गाउँपालिकाका प्रमुख कान्छा घलेले भन्नुभयो । डिस्याङ गाउँपालिका र पेमा छिरिङ एण्ड छुन्ता गुरुङ फाउण्डेशनको आर्थिक व्यवस्थापनमा सडक निर्माण गरिएको उहाँले बताउनुभयो । जिल्लामा सडक अवरुद्ध भएपछि सहज बनाउन प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरुङ मनाङमै बसेर लागिपरेको प्रजिअ लामिछानेले बताउनुभयो । बन्द रहेको सडक प्रतिनिधिसभा सदस्य गुरुङको नेतृत्वमा ४५ दिनमै खुलाइएको उहाँले बताउनुभयो ।

सो सडकखण्ड अवरुद्ध हुँदा दैनिक उपभोग्य सामग्रीको ढुवानीमा कठिनाइ भएको उहाँले बताउनुभयो । "खाद्यान्न र औषधिजन्य सामग्रीको आपूर्तिमा नै समस्या थियो । हेली चार्टर गर्नसक्ने सबैको अवस्था छैन", अध्यक्ष घलेले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालय मनाङ, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल पुलिस तथा स्थानीयको साथ र सहयोगमा सडक खुलाइएको छ । सडक चलेपछि अहिले स्थानीयबासीमा खुसियाली छाएको छ ।"

विगतमा लामो समय लगाएर सडक सञ्चालनमा ल्याउने गरेको भए पनि यसपटक छिटो गरी सडक सञ्चालनमा आएको छ । विगतमा लामो समय लागे पनि यसपटक ४५ दिनमा सडक सञ्चालन भएको छ । बैंसीशहर-चामे-खाङ्सार सडकखण्ड १०७ किलोमिटर छ । अब उक्त सडकखण्डअन्तर्गतको तलेखु-भ्राताङ भिरमा सडक सञ्चालन हुन बाँकी छ ।

# विद्यालयलाई कम्प्युटर र प्रिन्टर वितरण

रासस

पर्वत, १८ असोज

पर्वतको जलजला गाउँपालिकाले गाउँपालिकाका सबै विद्यालयलाई कम्प्युटर र प्रिन्टर वितरण गरेको छ ।

गाउँपालिकाभित्र रहेका ४४ वटा विद्यालयलाई उक्त सामग्री वितरण गरिएको हो । गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रबहादुर क्षेत्रीका अनुसार आधारभूत विद्यालय र कक्षा १२ सम्मका विद्यालयको लागि आइसिटी उपकरण सहयोग गरिएको हो ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि तथा प्रविधिको प्रयोगलाई शिक्षणमा जोड्नका लागि गाउँपालिकाले रु ५० लाख बराबरका ल्यापटप र प्रिन्टर वितरण गरेको हो । क्षेत्रीका अनुसार पहिलो चरणमा केही विद्यालय छुटेकाले अहिले बाँकी रहेका विद्यालयलाई पनि सामग्री दिएर पालिकाका सबै विद्यालयमा ल्यापटप र प्रिन्टर दिइएको छ ।

जलजलाभित्र रहेका आठ वटा माध्यमिक विद्यालयलाई थप एक-एक ल्यापटपसमेत दिइएको छ । रु ७० हजारका दरले ५२ वटा ल्यापटपका लागि रु ३६ लाख ४० हजार र ४४ वटा विद्यालयलाई रु ३१ हजार मूल्य परेका रु १३ लाख ६४ हजारका फोटोकपी र स्क्यान सुविधासहितका प्रिन्टर प्रदान गरिएको छ । विद्यालयलाई सङ्घीय सरकारले नै इन्टरनेटका लागि वार्षिक रु १२ हजार दिने भएका कारण हरेक विद्यालयले एकीकृत रूपमा विवरण अद्यावधिक गराउन तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्नका लागि ठूलो लगानीमा ती सामग्री दिइएको हो । विद्यालयका विवरणलाई एकीकृत रूपमा अनलाइनमा राख्ने सम्बन्धी प्रशिक्षण यसअगाडि नै गरिसकिएको भए पनि कम्प्युटरबाट गर्न सकिने अन्य कामबारे सिकाउन पुनः गाउँपालिकास्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले बताउनुभयो । "शिक्षकको मागअनुसार नै हरेक विद्यालयलाई ल्यापटप दिएका छौं, अब अनुगमनमा त्यो छोपेर राखेको देख्न नपरोस् । आसा छ सबै सरहरूले अधिकतम प्रयोग गर्नुहुनेछ", उहाँले भन्नुभयो, "हामी शिक्षामा बढी केन्द्रित छौं, यही कारण उपकरण प्रदानदेखि भौतिक पूर्वाधार निर्माणका काम पनि गरिरहेका छौं ।" वडा नं ९ बनौंको बनौं माध्यमिक विद्यालयका शिक्षक ज्योतिन्द्र शर्माले आफूहरूले यसअगाडि नै गाउँपालिकाले पहिलो चरणमा बाँडेका उपकरण लगेको बताउँदै स्थानीय सरकारको सहयोगले विद्यालयलाई प्रविधिमा जोड्न सहज भएको बताउनुभयो ।

इन्टरनेट र ल्यापटपको सुविधाका कारण विद्यालयमा प्रशासनिक कामसमेत अनलाइनमार्फत भइरहेको उहाँको भनाइ छ । "पछिल्लो समयमा विद्यालयका अरू काम पनि अनलाइनबाट भइरहेका छन्", शिक्षक शर्मा भन्नुहुन्छ ।

# रोकियो तामाखानीको अध्ययन

रासस

बलेवा, १८ असोज

दुई वर्षअघि बागलुङ नगरपालिका-९ तित्याङमा सुरु भएको तामाखानीको अध्ययनको काम रोकिएको छ । कोरोना महामारीका कारण खानी अध्ययनका लागि बनाइएको सुरुङमा काम गरिरहेका चिनियाँ र नेपाली प्राविधिक तथा मजदूर घर हिँडेपछि खानी अध्ययनको काम रोकिएको हो ।

एक वर्षदेखि रोकिएको काम कोरोनाको त्रास कम भएपछि पनि वर्षाका कारण सुरु गर्न नसकिएको अध्ययन गरिरहेको कम्पनीले जनाएको छ । चीनको जोम्बिङ माइनिङ कम्पनीको प्राविधिक सहयोगमा शुभम् ग्रुपले २०७६ मङ्सिर महिनादेखि तित्याङमा खानी अध्ययनको काम गरिरहेको थियो ।

एक वर्षअघि खानीको अध्ययन भइरहेको क्षेत्रका सर्वसाधारणमा समेत सङ्क्रमण देखिन थालेपछि चिनियाँ प्राविधिक समूह काम छोडेर हिँडेको शुभम् ग्रुपका अध्यक्ष श्याम अधिकारीले बताउनुभयो । "विदेशी प्राविधिकको सुरक्षाका लागि हामीले काम रोक्न बाध्य भयौं, अब बाँकी काम केही समयमा सुरु हुन्छ" अधिकारीले भन्नुभयो, "कोभिड कम भएको छ, दसैं, तिहार जस्ता पर्व सकिएपछि पुनः काम थाल्छौं ।" तामाको परीक्षणका लागि तित्याङको अड्डाँडामा ७० मिटर लामो र बाह्रमुरेमा १०० मिटर लामो सुरुङ तयार भइसकेको छ । सुरुङमार्फत जमिनको भित्री भागको ढुङ्गा माटो सङ्कलन गरी प्रयोगशलामा परीक्षण गर्ने काम भइरहेको अधिकारीले बताएउनुभयो । "हामीले अबको ६ महिनामा सबै अध्ययनको काम सक्छौं", उहाँले भन्नुभयो "जमिनभित्र धातुको मात्रा हेर्ने काम बाँकी छ, पहिलो चरणको ९० प्रतिशत काम सकेका छौं, वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदनको काम पनि सकिन्छ ।" तामाको अध्ययनका लागि नेपाल सरकारको अनुमतिमा यहाँ आएको कम्पनीले परीक्षण प्रतिवेदन तयार भएपछि खानी सञ्चालनको तयारीमा लाग्ने बताएको छ । "यहाँ प्लान्ट बस्छ, मात्रै कत्रो बनाउने भन्ने हो" अधिकारी भन्नुहुन्छ "अध्ययनको अन्तिम रिपोर्टका आधारमा बाँकी काम अघि बढ्छ ।" पहिलो चरणको परीक्षणमा मात्रै झण्डै रु चार करोड खर्च गरेको कम्पनीले खानी सञ्चालनका लागि एक अर्बको हाराहारीमा लगानी हुने जनाएको छ ।

खानी अध्ययनको काम रोकिएकाले स्थानीयवासीमा आशङ्का उब्जिएको छ । ठूलाठूला सुरुङ बनेर यत्तिकै छोडिँदा बाढीपहिराको त्रास हुने र जमिन कमजोर भएकाले आसपासका बस्तीको व्यवस्थापन गरिनुपर्ने स्थानीयवासीको माग छ । स्थानीयवासी रवीन खत्रीले भन्नुभयो, "रोजगारी सिर्जना होला, सडक, पानी र बिजुली बन्लान् भन्ने छ, खानी त चल्नैपर्छ ।" खानीका कारण भएको क्षतिपूर्तिका लागि पनि खानी सञ्चालन भएमा मात्रै सम्भव हुने उहाँले बताउनुभयो ।

पुराना खानी र त्यहाँ देखिने धाउको सङ्केतका आधारमा बागलुङ नगरपालिकाले खानी सञ्चालनको पहल थालेको थियो । पहिलो नगरसभाबाट तित्याङमा खानी सञ्चालनका लागि अध्ययन गर्ने निर्णय गरेको नगरपालिकाले खानी विभाग र सरोकारवाला सबै मन्त्रालयसँग पहल गरेर झण्डै दुई वर्षपछि अध्ययनको काम भएको थियो । खानी अध्ययन गरिरहेको कम्पनीले परीक्षणको प्रतिवेदन खानी विभागलाई बुझाउने छ ।

स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने कुनैपनि काममा बाधा अवरोध नआउने गरी काम भएकाले अध्ययनको बाँकी काम पुनः सुरु हुने बानपा-९ तित्याङका वडाध्यक्ष गणेश थापाले बताउनुभयो । परीक्षण भइरहेका दुई खानीमा १६ स्थानीय कामदार, चार कम्पनीका प्रतिनिधि, पाँच चिनियाँ प्राविधिक र पाँच इन्जीनीयरले काम गरिरहेका थिए ।